# ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# बचत परिचालन नीति २०७५

**प्रस्तावना**

ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०७५ आश्विन १३ सम्पन्न १९ औं साधारणसभाले संस्थाको विनियमको परिच्छेद २ का उद्देश्य तथा कार्यहरु गर्न देहाय बमोजिम बचत परिचालन नीति २०७५ को तर्जुमा गरी लागू गरिएको छ । यो नीति सम्पूर्ण सदस्यहरु उपर तत्काल गते देखि लागू हुनेछ ।

१ संस्थाले निक्षेप परिचालन सदस्यहरुबीच मात्र गर्नेछ । संस्थाको शेयर सदस्यले खाता खोल्ने निवेदन फारमसाथ निम्न लिखित कागजातहरु पेश गर्नुपर्नेछ ।

क) दस्तखत नमुना कार्ड

ख) स्वयं प्रमाणित नागरिकता प्रमाण पत्रको प्रतिलिपि र १ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो

ग) संस्थाको कार्यक्षेत्रभित्र स्थायी वा अस्थायी रुपमा बसोबास गरेको प्रमाण

घ) कबुल गरे अनुसारको रकम

ङ) व्यवस्थापन शुल्क बापत रु.५००।– पछि फिर्ता नहुने गरी (शेयर सदस्य बन्दा एक पटक मात्र)

२ उद्देश्य :

क) विभिन्न प्रकारका खाता खोली संस्थाको पुजी वृद्धि गर्न ।

ख) सदस्यलाई दीर्घकालीन समयसम्म आर्थिक सुरक्षण प्रदान गर्न ।

ग) संस्थाको कारोबार वृद्धि गर्न ।

घ) सदस्यहरुलाई बजारमा कायम अधिकतम ब्याज (प्रतिफल) प्रदान गर्ने ।

३ बचत खाताका प्रकारहरू :

क) नियमित बचत खाता

ख) बिशेष बचत खाता

ग) आह्वान बचत खाता

घ) ब्राइट सुपर बचत खाता

ङ) आवधिक बचत खाता

च) बाल बचत खाता

(क) नियमित वचत

अनिवार्य नियमित बचत खाता : यो खातामा प्रत्येक सदस्यहरूले न्यूनतमरुपमा मासिक रु. १०००।- बढीमा रु.१०,०००।- सम्म जम्मा गर्न पाउने छन् । यो खाताबाट कम्तिमा ५ बर्ष सम्म रकम झिक्न पाइने छैन तर यो खातामा जम्मा भएको रकमको ९० प्रतिशत सम्म सापटी लिन पाइनेछ ।

आ) कर्मचारी बचत खाता : संस्थामा कार्यरत कर्मचारीले आफ्नो तलबको निश्चित रकम निश्चित अवधि सम्मका लागि नियमित रुपमा संस्थामा छुट्टै खाता खोली जम्मा गर्न सक्नेछन् ।

- यस्तो बचतमा संस्थाले तोकेअनुसार ब्याज प्रदान गरिनेछ ।
- यस्तो खातामा जम्मा भएको रकम संस्थाले तोकिएको अवधि पुरा भएपछि मात्र फिर्ता पाउनेछन् ।
- यो बचत खाताबाट ऋण नीतिअनुसार ऋण सापटी भने पाउन सकिनेछ ।
- माथि जेसुकै कुरा लेखिएको भएतापनि संस्थाले कर्मचारीहरुको सञ्चय रकम नेपाल सरकारबाट स्वीकृत प्राप्त निकायमा जम्मा गर्ने व्यवस्था गर्नेछ र यसरी जम्मा गर्ने व्यवस्था लागू भएपछि यो खाता स्वत बन्द गरिनेछ ।

ख) बिशेष बचत खाता :

संस्थाका सम्पूर्ण सदस्यहरूले संस्थामा नियमित कारोबार गर्न एउटा बिशेष बचत खाता खोल्नुपर्नेछ । यो खातामा न्यूनतम मौज्दात रु. १०००।- हुनुपर्ने छ । यो खातामा जम्मा भएको रकम मध्ये रु.१०,००,०००।- सम्म जुनसुकै बेला झिक्न सकिनेछ र सोभन्दा बढी रकम आवश्यक परेमा रु.२५,००,०००।- सम्म १ हप्ता अगाडि र सोभन्दा बढी रकम झिक्नुपेरमा १५ दिन अगाडि लिखित वा मौखिक सूचना दिएर झिक्न सकिनेछ । रकम जम्मा गर्ने सम्बन्धमा संस्थाले तोकेको सीमा र शर्त पालन गर्ने गरि राख्न सकिनेछ । शेयर लाभांश, संरक्षित पुजी फिर्ता कोष, संस्थाद्वारा उपलब्ध हुने अन्य रकम र यसै खातामा पाकेको ब्याजसमेत यसै खातामा जम्मा हुनेछ ।

ग) आह्वान बचत खाता :

संस्थाका सम्पूर्ण सदस्यहरूले यो खाता खोली कारोबार गर्न सक्नेछन् । यो खातामा न्यूनतम मौज्दात रु. १,००,०००।- हुनुपर्ने छ र तोकिएको न्यूनतम मौज्दात घट्न गएमा बिशेष बचतसरह ब्याज गणना हुनेछ । संस्थालाई कुनै समय आकस्मिक रुपमा पैसाको आवश्यकता परेमा सदस्यहरुलाई आह्वान गरी निश्चित समय तोकी निश्चित रकम माग गर्न सकिनेछ । यस बचत

खाताको ब्याजदर संस्थामा जम्मा हुने रकमको औचित्य र आवश्यकताअनुसार बचतकर्ता सदस्य र संस्था बीचको आपसी सहमतिमा निर्धारण गरिनेछ । यसरी ब्यजदर निर्धारण गर्दा ऋण लगानीको ब्याजदरभन्दा कम हुनुपर्नेछ । यो खातामा जम्मा भएको रकम मध्ये रु.१०,००,०००।– सम्म जुनसुकै बेला झिक्न सकिनेछ र सोभन्दा बढी रकम आवश्यक परेमा रु.२५,००,०००।- सम्म १ हप्ता अगाडि र सोभन्दा बढी रकम झिक्नु परेमा १५ दिन अगाडि लिखित वा मौखिक सूचना दिएर झिक्न सकिनेछ । रकम जम्मा गर्ने सम्बन्धमा संस्थाले तोकेको सीमा र शर्त पालन गर्ने गरी राख्न सकिनेछ ।

घ) ब्राइट सुपर बचत खाता :

संस्थाका सम्पूर्ण सदस्यहरूले यो खाता खोली कारोबार गर्न सक्नेछन् । यो खातामा न्यूनतम मौज्दात रु. १,००,०००।- हुनुपर्नेछ र तोकिएको न्यूनतम मौज्दात घट्न गएमा बिशेष बचतसरह ब्याज गणना हुनेछ । सदस्यहरुले बढी रकम बढी ब्याजको अपेक्षा गरेमा यो खातामा रकम जम्मा गर्न सक्नेछन् । यस बचत खाताको ब्याजदर संस्थाको बिशेष बचत खाता र अनिवार्य बचत खातामा तोकिएको ब्याज दरभन्दा बढी हुनेछ । यो खातामा जम्मा भएको रकम मध्ये रु.१०,००,०००।- सम्म जुनसुकै बेला झिक्न सकिनेछ र सोभन्दा बढी रकम आवश्यक परेमा रु.२५,००,०००।- सम्म १ हप्ता अगाडि र सोभन्दा बढी रकम झिक्नुपरेमा १५ दिन अगाडि लिखित वा मौखिक सूचना दिएर झिक्न सकिनेछ । रकम जम्मा गर्ने सम्बन्धमा संस्थाले तोकेको सीमा र शर्त पालन गर्नुपर्नेछ ।

ङ) आवधिक बचत खाता :

- सदस्यहरूले यो खातामा संस्थाले तोकेको सीमाभित्र जति पनि रकम जम्मा गर्न सक्नेछन् ।
- यो खातामा जम्मा गरेको रकम अवधी नपुगी फिर्ता पाइने छैन ।
- यो खातामा जम्मा भएको रकमको ९० प्रतिशतसम्म कर्जा लिन पाइनेछ । कर्जा लिंदा यसै बचतमा दिएको ब्याजमाथि २ प्रतिशत थप ब्याज बुझाउनुपर्ने छ ।
- यो खातामा पाकेको ब्याज कारोबारी बिशेष बचत खातामा जम्मा हुने छ ।
- यो खातामा जम्मा रकम सम्झौता अवधिको आधा समय नपुगी झिक्नुपरेमा निर्ब्याजी हुनेछ भने आधा समय कटेपछि झिक्नुपरेमा पाकेको ब्याजको ५० प्रतिशत कट्टा गरि भुक्तानी दिइनेछ ।
- यो खातामा जम्मा रकम सम्झौता अवधी समाप्त भएपछि भुक्तानी नलिए वा नवीकरण नगरेमा म्याद समाप्त भएको मितिदेखि ब्याज दिइने छैन ।

च) वाल बचत :

संस्थाका सेयर सदस्यहरुका १६ बर्ष उमेर नपुगेका सन्ततिहरु यो बचत योजनामा सामेल हुन पाउँनेछन् । आफ्ना अभिभावकहरुको संरक्षकत्वमा मासिक वा ऐच्छिक रुपमा जम्मा गर्ने बचतलाई वाल वचत भनिनेछ । यस्तो बचतमा न्यूनतम रु.५००।– देखि अधिकतम संस्थाले एक ब्यक्तिबाट लिन पाउने अधिकतम सीमासम्म जम्मा गर्न सकिनेछ । यस वचतमा वचतकर्ता वालिग नभएसम्म रकम झिक्न संरक्षण दिने अभिभावकले सक्नेछन् ।

४) बचत रकम स्वीकार गर्न नहुने :

संस्थामा रहेको आफ्नो खातामा सम्बन्धित सदस्यले रकम जम्मा गर्दा रु.१०,००,०००।– भन्दा बढी रकमको हकमा उक्त रकम कुन स्रोतबाट जम्मा हुन आएको हो स्वघोषणा गराई जम्मा गर्नुपर्ने छ । उक्त रकम आतंकवाद, लागुऔषधको कारोवार, मानव बेचबिखन तथा संगठित अपराध लगायत अवैध कारोवारबाट जम्मा हुन आएको हो कि भन्ने शंका लागेमा संस्थाले उक्त रकम जम्मा गर्न अस्वीकार गरी नजिकको सुरक्षा निकायमा तत्काल खवर गर्नुपर्नेछ ।

५) बचतमा ब्याजको व्यवस्था :

क) बचत खाताको ब्याजदर संस्थाले तोकेअनुसार हुने छ । ब्याजको गणना दैनिक मौज्दातका आधारमा गरिने छ । ब्याजदर संचालक समितिले समय समयमा बैठक बसी निर्धारण गरिएअनुसार हुनेछ र संचालक समितिको ब्याज दर निर्धारण तथा परिवर्तन सम्बन्धि निर्णय संस्थाको सूचना पाटीमा टाँस गरिनेछ र सदस्यहरुले यसै सूचनाअनुसार जानकारी पाएको मानिनेछ ।

ख) सबै बचत खातामा पाकेको ब्याज त्रैमासिक रुपमा प्रत्येक आश्विन, पौष, चैत्र र असार मसान्तमा गणना गरी सम्बन्धित खातामा चढाइनेछ ।

६) बिशेष सुबिधा तथा सम्मान :

यस संस्थाका सम्पूर्ण अपाङ्गसदस्यहरु, ६० बर्ष उमेर पुगेका एकल महिला र ७० बर्ष उमेर पुगेका जेष्ठ नागरिकको सम्मान खातिर अन्य बचतकर्ता सदस्यहरुलाई उपलब्ध गराउने ब्याजदरमा प्रोत्साहन वापत अतिरिक्त ब्याज थप दिन सकिनेछ । यस्तो ब्याजदर ब्यवस्थापन प्रमुखले आफुलाई प्राप्त थप ब्याज दिन सक्ने अधिकारभित्र रही निर्णय गर्न सक्नेछन् ।

७) बचत फिर्ता :

क) अनिवार्य नियमित बचत खातामा रहेको न्यूनतम बचत रु. १०००।- प्रति महिना बराबरको रकम संस्थाले निर्धारण

गरेको निश्चित अवधि पुरा भएपछि झिक्न वा निरन्तर कायम राख्न पाइनेछ । अन्य बचत रकम तोकिएको सीमाअनुसार सूचना गरी वा विना सूचना जहिले पनि आवश्यकताअनुसार झिक्न सकिनेछ ।

ख) नियमित प्रक्रिया पूरा गरी सदस्यता छाड्ने सदस्यको खातामा रहेको सम्पूर्ण रकम संस्थाको नियमअनुसार फिर्ता हुनेछ ।

ग) कुनै सदस्यले अर्को सदस्यलाई जमानत दिएको वा आफुले लिएको ऋणभन्दा बचत बढी भएको अवस्थामा जमानत वा ऋण रकमभन्दा २० प्रतिशत बढी रकम खातामा राखेर मात्र फिर्ता गरिनेछ

घ) बचतकर्ता सदस्यले आफ्नो खातामा भएको रकम झिक्नको लागि संस्थाले जारी गरेको भूक्तानी पुर्जामा विवरण भरी आफुले सदस्यता लिंदा वा खाता खोल्दा पेश गरेको दस्तखत नमूना अनुसारको दस्तखत गरी माग गर्नुपर्नेछ । मागको लागि पेश भएका सबै विवरण सम्बन्धित कर्मचारीले रुजु गरी ठीक भएमा नगदै वा बैंक चेक मार्फत भुक्तानी दिइनेछ । आफुले संस्थामा गरेको दस्तखत नमुना परिवर्तन गर्नुपर्ने भएमा निवेदन दिइ कुनैपनि समय परिवर्तन गर्न सकिनेछ ।

ङ) सम्बन्धित खातावाला सदस्यबाहेक अन्य ब्यक्तिको नाममा भुक्तानी पुर्जा मार्फत रकम माग गरेको रहेछ भने रु. १,००,०००।– भन्दामाथि रकमको हकमा अनिवार्य रुपमा भुक्तानी पुर्जामा उल्लेखित ब्यक्तिको परिचय खुल्ने कागजात स्वयं प्रमाणित गराई राख्नुपर्नेछ र सम्पर्क नम्बर समेत खुलाउंनुपर्नेछ ।प्राकृतिक ब्यक्ति बाहेकका नाममा भुक्तानी माग गरिएको रहेछ भने सम्बन्धित संस्थाको छाप लगाएको हुनुपर्नेछ र भुक्तानी लिन आउंने ब्यक्ति वा सम्बन्धित खातावाला सदस्यको परिचय खुल्ने कागजात स्वयं प्रमाणित गराइ लिनुपर्नेछ ।

च) भुक्तानी पुर्जामा नाम उल्लेखित ब्यक्तिले सो पुर्जा मार्फत संस्थामा रकम माग गर्दाको बखत भुक्तानी पुर्जाको पछाडि दस्तखत गरी संस्थाका सम्बन्धित कर्मचारीसमक्ष रकम भुक्तानीका लागि पेश गर्दाको बखत भुक्तानी पुर्जाको पछाडि दस्तखत गरी पेश गर्नुपर्नेछ र संस्थाद्वारा निजलाई भुक्तानी पुर्जामा उल्लेखित रकम भुक्तानी दिंदा रकम गन्ती गरी रुजु गरी पुनः भुक्तानी पुर्जामा रकम बुझिलिएको दस्तखत गराई रकम भुक्तानी दिनुपर्नेछ ।

छ) बचतकर्ता सदस्यले भुक्तानी पुर्जामार्फत रकम माग भैआउंदा रु.३,००,००।–सम्म रकम सम्पूर्ण प्रकृया पूरा गरी काउण्टरमा रहने कर्मचारीले सिधै रकम भुक्तानी गर्नुपर्ने छ । रु.५,००,०००।– सम्म रकम भूक्तानी गर्नुपर्दा लेखा प्रमुख वा लेखाप्रमुखले अख्तियार प्रदान गरेको अख्तियार प्राप्त कर्मचारीको स्वीकृत लिइ भूक्तानी गर्नुपर्नेछ । रु.५,००,०००।– भन्दा बढी रकम भुक्तानी गर्नुपरेमा कार्यालय प्रमुख वा कार्यालय प्रमुखले अख्तियार प्रदान गरेको अख्तियार प्राप्त कर्मचारीको स्वीकृति लिई भुक्तानी गर्नुपर्नेछ । आफुलाई प्राप्त भुक्तानी सीमाको अधिकारभन्दा बढी रकम भुक्तानी स्वीकृति लिन सम्बन्धित अख्तियार प्राप्त अधिकारी समक्ष भुक्तानी पुर्जा पेश गर्दा भुक्तानी गर्न अपनाउँनुपर्ने सम्पूर्ण प्रकृया पुरा गरी पेश गर्नुपर्नेछ ।

ज) सम्बन्धित खातावाला सदस्य बाहेक अन्य ब्यक्ति वा संस्थाको नाममा रु.५,००,०००।–भन्दा बढी रकम भुक्तानी पुर्जामार्फत भुक्तानी माग भै आएको अवस्थामा सम्बन्धित खातावाला सदस्यलाई तत्काल सम्पर्क गरी भुक्तानी पुर्जामा उल्लेखित ब्यक्तिलाई उल्लेखित रकमको भुक्तानी पुर्जा पठाइएको हो होइन र उक्त रकम भुक्तानी गर्दा फरक पर्ने हो होइन एकिन गरि सम्बन्धित ब्यक्तिलाई सम्पर्क गरेको सम्पर्क नम्बर मिति र समय समेत खुलाइ भुक्तानी पुर्जाको पछाडि उल्लेख गरि भुक्तानी दिनुपर्नेछ ।

८) विलम्ब शुल्क तथा जरिवाना :

हरेक सदस्यले गर्नुपर्ने अनिवार्य नियमित बचत हरेक महिनाको मसान्तभित्र जम्मा गरिसक्नु पर्नेछ, नियमित रकम जम्मा नगरे प्रत्येक आर्थिक वर्षको त्रैमासिक खाताबन्दीमा नियमित वचत जम्मा नभएको अवस्थामा रु. २५।- का दरले विलम्ब शुल्क लाग्नेछ । बार्षिक खाताबन्दीको हिसाब गर्दाको समयमा ( असार मसान्त) न्यूनतम बचत नपुगेको भए हरेक आर्थिक वर्षको मसान्तमा रु. १००।- खाताबाट कट्टा गरी संस्थाको आम्दानीमा बाँधिने छ ।

९) प्रोत्साहन वा पुरस्कार जरिवाना : (क) हरेक सदस्यले आफुले जम्मा गर्नुपर्ने अनिवार्य नियमित रकम ६ महिनादेखि ११ महिनाको अग्रिम रुपमा गरेमा रु.१००।- एक बर्षको एकमुष्ठ अग्रिम रुपमा जम्मा गरेमा रु.२००।- पुरै अवधिको अग्रिम एकमुष्ठ जम्मा गरेमा रु.१०००।- प्रोत्साहन स्वरुप छुट दिइनेछ ।

(ख) संस्थाले तोकेको न्यूनतम शेयर खरिद गर्ने र नियमित बचत गर्ने सदस्यहरुलाई न्यूनतम १ लाखदेखि खाताको प्रकार अनुसार ५ लाखसम्म दुर्घटना वीमा गरिनेछ ।

१०) ब्याजकर :

सदस्यहरूले बचतमा प्राप्त गरेको ब्याजमा सहकारी ऐनमा तथा कर ऐनमा व्यवस्था भएअनुसार ब्याजकर कट्टा गरी सम्बन्धित कर कार्यालयमा दाखिल गरिनेछ ।

११) बचतको प्रमाण :

क) नगदी रसिद

ख) खाताको स्टेट्मेण्ट

ग) आवधिक बचत निस्सा

१२) हिसाब जाँच र मिलान :

क) सदस्यहरूले समय समयमा संस्थाबाट स्टेट्मेण्ट लिइ आफ्नो खातासँग भिडाई मिलान गर्नुपर्ने छ ।

ख) कारोबारका क्रममा आफ्नो खातामा भएभन्दा बढी रकम कारण बस भुक्तानी भएमा सो रकम तुरुन्त फिर्ता गर्नुपर्ने छ ।

ग) हिसाब गल्तीका कारणबाट भएको थपघट रकमलाई हरेक सदस्यले संस्थामा आई मिलान गर्न सक्नेछन् भने संस्थाले पनि त्यस्ता गल्ती भएका रकमलाई तत्काल मिलान गर्नेछ ।

१३) खाता बन्द :

कुनै कारणवस सदस्यले आफ्नो शेयर बिक्री गरी संस्थाको सदस्यता त्याग गरेमा सम्पूर्ण खाताहरु स्वतः बन्द गरिनेछ र खाता बन्द बापत प्रत्येक खाताबाट रु.५००।– खाताबन्दी शुल्क कट्टा गरिनेछ । तर कुनै सदस्यको मृत्यु भै खाता बन्द गर्नुपरेको अवस्थामा कुनै प्रकारको शुल्क कट्टा गरिने छैन ।

१४) रकमको हक :

क) संस्थामा जम्मा गरेको सवै प्रकारको बचत रकममा सदस्य जीवित रहुन्जेलसम्म कसैको हकदावी लाग्ने छैन ।

ख) सदस्यको मञ्जुरी प्राप्त गर्ने ब्यक्तिको हक सदस्यको सरह हुनेछ ।

ग) सदस्यको मृत्यु भएमा निजले इच्छ्याइएको व्यक्तिको मात्र हक लाग्ने छ ।

घ) सदस्यले कसैलाई इच्छ्याएको रहेनछ भने प्रचलित कानुन बमोजिम हुनेछ ।

१५) गोपनीयता कायम गर्नुपर्ने :

संस्थामा रहेको कुनै पनि बचतखाताको विवरण सम्बन्धित व्यक्तिको मञ्जुरी विना सम्बन्धित व्यक्ति वा निजले लिखित रुपमा मञ्जुरी दिएको ब्यक्ति बाहेक अन्यलाई जानकारी दिइने छैन तर निज उपर कुनै अनुसन्धान तहकिकातको शिलशिलामा नेपाल सरकारको कुनै निकाय वा राष्ट्र बैंकबाट विवरण माग गरेको अवस्थामा सम्बन्धित निकायलाई जानकारी गराउन यस व्यबस्थाले बाधा पारेको मानिने छैन ।

१६) यस अघि भएका बचतहरु :

संस्थाबाट यसअघि भए गरेका सबै प्रकारका बचतहरु यसै नीतिअनुसार भए गरेको मानिनेछ ।

१७) यस नीतिको व्याख्या गर्ने अधिकार सञ्चालक समितिमा हुनेछ साथै संशोधन, खारेजी र वचाउ गर्ने सम्पूर्ण अधिकार संचालक समितिको सिफारिसमा साधारणसभामा निहित हुनेछ ।